गलकोट नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ यो पहिलो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतियेवन ।

विषयसूचि


पृष्ठभूमि........................................................................................2

१. प्रशासन तथा सूचना प्रविधि शाखाः..........................................2

२. आर्थिक प्रशासन शाखा :..........................................................3

चालु तथा पुजिगत बजेट/ खर्च.........................................................3

विषयगत बजेट एवम खर्च..............................................................3

१. जिन्सी शाखाः...........................................................................3

२. राजस्व शाखाः...........................................................................3

३. न्यायिक समिति :.......................................................................4

४. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा :............................4

५. योजना, अनुगमन तथा पूर्वाधार विकास शाखाः................................4

६. शिक्षा युवा तथा खेलकुद शाखा :..................................................4

७. स्वास्थ्य शाखा :.........................................................................5

८. रोजगार सेवा केन्द्रः.....................................................................8

९. कृषि विकास शाखाः....................................................................8

१०. पशु सेवा शाखाः.......................................................................8

११. पञ्जीकरण शाखा :.....................................................................9

१२. सुरक्षित आप्रवासन (सामी) :........................................................9

१३. लघु उद्यम विकास शाखा :.........................................................10

१४. नगरपालिकाबाट सञ्चालित मुख्य मुख्य कार्यक्रम तथा आयोजनाहरु.........10

१५. सेवा प्रवाह सुधारका लागि गरिएका प्रयासहरू...............................10

१६. चासिने कदमहरू..................................Error! Bookmark not defined.

अन्त्यमा.......................................................................................12




Scanned with CamScanner

## पृष्ठभूमि

वर्तमान संवैधानिक र कानुनी व्यवस्था अनुसार स्थानीय सरकारहरुले सेवा प्रवाहको मुख्य कर्ता र स्थानीय पूर्वाधार विकाराको योजना निर्माण तथा कार्यान्चियन कर्ताको जिम्मेयारी वहन गरिरहेको छ। जनताको घरदैलोको सरकार, नागरिकले देख्ने र भेट्न सकिने सरकार पनि स्थानीय सरकार भएकोले यसको भुमिका अझै महत्वपुर्ण छ। सेवाको नजिक जनता होईन सेवा जनताको घरदैलोमा हुनुपर्छ भन्ने वर्तमान नवीन अवधारणालाई कार्यान्वियन गर्न, पारदर्शिता कायम गर्न र कार्यालयमा भए गरेका कार्यहरुको आम सेवाग्राहीहरुलाई जानकारी गराउन सार्वनजिक सुनुवाई कार्यक्रम, गुनासो सुनुवाई संयन्त्र र नागरिक वडापत्र लगायतको व्यवस्था गरिएको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा गलकोट नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई मा संकलन गरेको एवम् सरोकारवालाहरुले समय समयमा दिनुभएको रचनात्मक सुझाव समेतलाई आर्थिक, सामाजिक तथा प्राविधिक रुपमा सम्भव देखिएको विषयवस्तु समेटर दोस्रो चौमासिक यही मंसिर महिना देखि फागुन मसान्त सम्म सम्पादन गरेको कार्यहरुको आम नागरिकहरुमाझ जानकारी गराउने र थप सेवा प्रवाह र अन्य कार्यहरुमा सुधारको लागि सुझाव संकलन गर्ने उद्धेश्यले २०८२ चैत्र २२ गने सञ्चालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाले सम्पादन गरेको कार्यहरुको बारेमा यो संक्षिप्त प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ।

**शाखागत रुपमा भएका कामहरुको संक्षिप्त प्रगति विवरण**

### १. प्रशासन तथा सूचना प्रविधि शाखाः

- गलकोट नगरपालिका र मातहतको कार्यालयमा ११८ जनाको दरबन्दी रहेकोमा हाल ८३ जना पदपूर्ति भएको रिक्त ३५ पदपूर्तिको लागि माग आकृति फाराम तयार गरी प्रदेश लोक सेवा आयोगमा पेश गरेको छ।
- बागलुङ जिल्लामा रहेका स्थानीय तहमध्ये पहिलोपटक मिति २०८२ चैत्र १९ गते देखि करदाता सेवा सम्बन्धी स्थायी लेखा नम्बर जारी गर्ने कार्य, व्यवसायलाई आय करमा दर्ता गर्ने कार्य, स्थायी लेखा नम्बर दर्ता सँग सम्बन्धित संशोधन कार्य तथा दर्ता खारेजी भएका व्यवसायिक स्थायी लेखा नम्बरहरुलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रुपमान्तरण गर्ने कार्य सुचारु गरिएको छ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा आर्थिक वर्ष २०८१/०८२ को मूल्याङ्कन अवधिको लागि ७६ अंक दाबी गरी जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि पेश गरिएको छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा गरिएको गलकोट नगरपालिकाको कार्यसम्पादनमा ६९.५५ अंक प्राप्त गरेको छ। जुन बागलुङ जिल्लाको स्थानीय तहमध्ये दोस्रो उच्चतम अंक हो।
- नगरपालिकाको जवाफदेहिता, पारदर्शिता तथा सेवा सुधार प्रवर्द्धन गर्दै सुशासन सुदृढ गर्न सुझाव संकलन गर्ने उद्देश्यले चालू आर्थिक वर्षको पहिलो सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८२।०८।१४ गते आइतबार वडा नं. ४ को प्राङ्गणमा सम्पन्न गरियो।
- कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन संकलन तथा सम्पन्न भएको छ।
- नगरपालिका तथा विषयगत समितिको बैठक तथा कार्यक्रममा समन्वय भएको छ।
- विभिन्न निकायबाट माग भएका विवरणहरु उपलब्ध गराइएको छ।

डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## २. आर्थिक प्रशासन शाखा :

### चालु तथा पुजिगत बजेट/खर्च

- आर्थिक वर्ष २०८२/८३ को लागी ७४ करोड ९१ हजार ६ सय रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्त सम्म ३२ करोड ४४ लाख १५ हजार ४ सय ५५ रुपैया अर्थात ४३.८३ प्रतिशत खर्च भएको
- चालु तर्फ ५३ करोड ४८ लाख ४१ हजार ६ सय रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म २९ करोड ९९ लाख ५३ हजार २ सय ४० रुपैया अर्थात ५६.०८ प्रतिशत खर्च भएको
- पुँजीगत तर्फ २० करोड ५२ लाख ५० हजार रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म २ करोड ४४ लाख ६२ हजार २ सय १५ रुपैया अर्थात ११.९२ प्रतिशत खर्च भएको

### विषयगत बजेट एवम खर्च

- आर्थिक विकास तर्फ २ करोड ३९ लाख ६० हजार रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म १३ लाख ६० हजार ८ सय १५ रुपैया अर्थात ५.६८ प्रतिशत खर्च भएको
- सामाजिक विकास तर्फ ४३ करोड ४९ लाख ०५ हजार ९ सय रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म २५ करोड ४७ लाख ९० हजार ५ सय ७८ रुपैया अर्थात ५८.५९ प्रतिशत खर्च भएको
- पूर्वाधार विकास तर्फ १७ करोड १४ लाख ५० हजार रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म २ करोड ३२ लाख ९३ हजार २ सय ५९ रुपैया अर्थात १३.५९ प्रतिशत खर्च भएको
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ १ करोड १२ लाख २० हजार ७ सय रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म ५ लाख ५५ हजार ३ सय ८२ रुपैया अर्थात ४.९५ प्रतिशत खर्च भएको
- कार्यालय संचालन तथा प्रशासनिक तर्फ ९ करोड ८५ लाख ५५ हजार रुपैया बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म ४ करोड ४४ लाख १५ हजार ५ सय २० रुपैया अर्थात ४५.०७ प्रतिशत खर्च भएको

## १. जिन्सी शाखाः

- ➢ कार्यालय तथा वडा कार्यालयहरुमा आवश्यक पर्ने मसलन्द सामाग्री विद्युतीय खरिद प्रणालीबाट खरिद गरी वितरण का कार्य सम्पन्न गरिएको छ।
- ➢ पूर्ण रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पाम्स V2 को प्रयोग गरी कार्यालयका हरेक जिन्सी सामानहरु online बाट माग फारम, दाखिला, हस्तान्तरण लगायतको काम गरिएको छ।
- ➢ आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा कार्यान्वयन गरिएको छ।

## २. राजस्व शाखाः

- ➢ आ.व. २०८२।०८३ को २०८२ मंसिर १ देखी २०८२ फागुन मसान्त सम्म कुल ५३ लाख ६५ हजार, ३ सय ९९ रुपैयाँ ९८ पैसा राजस्व संकलन गरिएको छ। जसमा सबैभन्दा बढी राजस्व सिफारिस दस्तुर बापत रु. १३ लाख ४८ हजार ६ सय ५० रुपैयाँ संकलन भएको छ। हाल सम्म आ. व. २०८२/२०८३ मा जम्मा कुल राजस्व १ करोड १४ लाख ९८ हजार ८ सय ६३ रुपैयाँ संकलन भएको छ।
- ➢ राजस्व शाखाको नियमित अभिलेख व्यवस्थापन र अन्य कार्य भैरहेको छ।



उन्दर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

## ३. न्यायिक समिति :

- यस आ. व. मा दोस्रो चौमासिकमा गलकोट नगरपालिकाको न्यायिक समितिको हाल सम्म ७ वटा औपचारिक बैठक सम्पन्न भएका छन भने चालु आ व मा ११ बैठक सम्पन्न भएका छन।
- दोस्रो चौमासिकमा १४ वटा निवेदन दर्ता भएका ५ वटा न्यायिक निरुपण भएका छन।
- न्यायिक समिति सचिवालयबाट सेवाग्राहीको कानूनी र प्रकृयागत समस्याहरुकोबारेमा परामर्श प्रदान गर्दै आइएको छ।

## ४. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा :

- अपाङ्गता परिचयपत्र र ज्येष्ठ नागरिक परिचयपत्र नियमित रूपमा शाखाबाट वितरण गरिएको।
- "प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं" भन्ने मूल नारासहित लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम मिति २०८२/०८/२२ गते सोमबार सम्पन्न गरिएको। उक्त कार्यक्रममा गलकोट नगरपालिका अन्तर्गतका वडा नं. १ देखि ११ सम्मका महिला सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहेको।
- महिला, बालबालिका तथा अपाङ्ग लक्षित रेडियो कार्यक्रम "हाम्रो आवाज" साप्ताहिक रूपमा सञ्चालनमा रहेको। उक्त कार्यक्रम साँझ ६:३०–७:०० बजे प्रसारण हुने र भोलिपल्ट बिहान ७:३०–८:०० बजे पुनः प्रसारण हुने व्यवस्था सामुदायिक रेडियो गलकोट एफ.एम. सँग सम्झौता गरी कार्यान्वयनमा रहेको।
- ग' वर्गका अपाङ्ग व्यक्तिहरूका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम निरन्तर संचालनमा रहेको छ।

## ५. योजना, अनुगमन तथा पूर्वाधार विकास शाखा:

- चालु आर्थिक वर्षको दोस्रो चौमासिक (मंसिर महिना देखि फागुन मसान्त) सम्म १८६ वटा योजना सम्झौता भई ७८ वटा योजनाको काम सम्पन्न भएको र बाँकी १०८ वटा योजना निर्माणाधिन अवस्थामा रहेको छ। जसमा हाल सम्म लागत अनुमान तयार भएका योजना संख्या २३० रहेको छ।
- उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु १, ४, ६, ८, १० र ११ नं. वडा कार्यालयमानै गई उपभोक्ता समितिलाई अभिमुखीकरण गरी योजना सम्झौता गर्ने कार्य सम्पन्न गरिएको छ।
- संघीय समपुरक, प्रदेश समपुरक तथा संघिय ससर्त अनुदान अन्तर्गतका ५ वटा आयोजनाहरुको बोलपत्र प्रकाशन भई निर्माण व्यवसायी सँग सम्झौता भई निमार्ण कार्य भईरहेको छ।
- बालमैत्री शौचालयको निर्माणका लागि बोलपत्र प्रकाशन भई बोलपत्र मूल्याङ्कन समेत भई सम्झौताको चरणमा रहेको छ।
- नगरपालिकाको प्रशासकीय भवन निर्माणधीन अवस्थामा रहेको छ।

## ६. शिक्षा युवा तथा खेलकुद शाखा :

- शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षामा आधारभूत तह कक्षा ८, माध्यमिक तह कक्षा १० र १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थि, विद्यालय र अभिभावकहरुलाई शैक्षिक प्रोत्साहन तथा सम्मान गरिएको,
- सबै शिक्षकहरुको शैक्षिक सत्र- २०८२ को वार्षिक तलवी प्रतिवेदन राष्ट्रिय किताबखाना वाट स्वीकृत गरी मासिक अग्रीम भुक्तानी गर्ने कार्य कार्यान्वयन गरिएको।
- नियमित शिक्षा समिति तथा प्र.अ. बैठक संचालन गरी शैक्षिक समस्या समाधान तथा विभिन्न शैक्षिक सुधार, नतिजा सुधारमा विशेष जोड दिइएको,



उम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- विद्यालय अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाउने कार्य गरिरहेको साथै यस आर्थिक वर्षमा संघ र प्रदेश बाट विशेष अनुदान मार्फत "शैक्षिक गुणस्तर अभिवृद्धि तथा [illegible] फर्निचर व्यवस्थापन" कार्यक्रम कार्यान्वयन प्रक्रियालाई अगाडि बढाईएको,
- १४ औं राष्ट्पति तथा नगरप्रमुख रनिङ सिल्ड एंव विद्यालय स्तरीय खेलकुद प्रतियोगिता गलकोट नगरपालिका वडा नं.३ हटियामा रेहको श्री गलकोट माध्यमिक विद्यालयको खेलमैदानमा भव्य रूपमा सम्पन्न गरिएको साथै गलकोट नगरपालिकावाट छनौट भई जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्डमा सहभागी गराई विभिन्न खेलकुद तथा एथेलेटिक्स मा गलकोट नगरपालिकालाई विभिन्न पदकहरू हासिल भएको,
- शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गराउने कक्षा-८, कक्षा-१० र कक्षा-१२ मा अध्यापनरत सबै विषयहरुको ४२ जना शिक्षकहरुलाई उच्च औषत जी.पी. को आधारमा सम्मान गरिएको ,
- सुत्केरी बिदामा रहेका शिक्षकको अनुपस्थितिमा पनि विद्यालयको पठनपाठन कार्य निरन्तर, प्रभावकारी र अवरोधरहित रूपमा सञ्चालन गर्नको लागि सुत्केरी सट्टा शिक्षक, बालशिक्षक र कर्मचारीहरुको व्यवस्थापनको लागि आवश्यक कार्य गरिरहेको ,
- शैक्षिक ज्ञान अभिवृद्धि गर्ने उद्देश्यका साथ सामुदायिक रेडियो गलकोट एफ. एम. सँग सम्झौता गरी निरन्तर साप्ताहिक गलकोट क्वीज कार्यक्रम सञ्चालनमा रहेको,
- शिक्षण सिकाइ प्रक्रिया तथा विद्यार्थीको सिकाइ उपलब्धिको अर्धवार्षिक मूल्याङ्कन गरी वार्षिक सिकाई उपलब्धीमा वृद्धी गर्ने उद्देस्यका साथ कक्षा ५, ८ र १० को पालिकास्तरीय अर्धवार्षिक परीक्षा साथै विद्यार्थीहरुलाई परीक्षाको भयबाट मुक्त गरी सहज तरिकाले परीक्षामा सहभागीता जनाउने बानीको बिकास गराउन साथै नतिजा सुधारको लागि SEE पूर्व तयारी परीक्षा सञ्चालन गरी सम्पन्न गरिएको।
- आधारभूत तह कक्षा-८ तथा माध्यमिक तह कक्षा-१० (एस.इ.इ.) परीक्षा लक्षित अंग्रेजी, गणित र विज्ञान विषयको शैक्षिक नतिजा सुधारका लागि कक्षा-८ र कक्षा-१० को अंग्रेजी, गणित र विज्ञान विषयको सबै विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गरिएको।
- नगरपालिका स्तरीय कक्षा ४-९ को वार्षिक परीक्षा सञ्चालन गरी सम्पन्न गरिएको। आधारभूत तह कक्षा-८ परीक्षा व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्नका लागि परीक्षा व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण कार्यलाई थप व्यवस्थित गरिएको।
- विपद्का समयमा भएको शैक्षिक क्षतिलाई न्यूनिकरण गरी सिकाइ निरन्तरतामा सहयोग पुऱ्याउने उद्देश्यका साथ सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा सबै विद्यालयहरमा प्रि-टेष्ट र पोष्ट-टेष्ट सञ्चालन गरी सबै विद्यालयहरुबाट नतिजा ईमिसमा अपलोड गरिएको।

७. स्वास्थ्य शाखा :

- संघीय ससर्त अनुदान अन्तर्गतको नागरिकलाई आयुर्वेद उपचार पद्धतिमा आधारित सुलभ तथा गुणस्तरी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले आधारभूत स्वास्थ्य सेवा तथा दिर्घरोगीहरुको लागि आयुर्वेद चिकित्सा पद्धतिमा आधारित नागरिक आरोग्य केन्द्रबाट सेवा सुचारु गरिएको छ।
- गलकोट नगरपालिका अन्तर्गतका थालेपोखरा, मल्म र भण्डारबन टोलमा नसर्ने रोग पहिचाका लागि ल्याव तथा चिकित्सक सहितको स्वास्थ्य जाँच सेवा, दन्त उपचारात्मक सेवा, महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर परिक्षण सेवा, भिडियो



इन्द्र बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

एक्स-रे सेवा, फिजियोथेरापी सेवा, आँखा सम्बन्धी चेकजाँच तथा आयुर्वेद सेवा सहितको वृहत शिविर कार्यक्रम मार्फत ३७८ जनालाई उपचारात्मक तथा निदानात्मक स्वास्थ्य सेवा प्रदान गरिएको छ।

- गलकोट नगर अस्पताल र नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसनको साझेदारीमा प्रसूती प्रतिक्षा घरको स्थापना गरी संचालन भए पश्चात ५५ जनालाई निशुल्क खाना तथा बास सहितको सेवा प्रदान गरिएको छ।
- गलकोट नगर अस्पतालबाट सल्यक्रिया सहितको प्रसूती सेवा सुरु गरिए सँगै गलकोट नगरपालिका भित्रका र छिमेकी पालिकाका जम्मा २५ जनालाई यस आ.व. २०८२/०८३ को फागुन महिना सम्ममा सल्यक्रिया मार्फत प्रसूती सेवा प्रदान गरिएको छ।
- गलकोट नगरपालिका अन्तर्गतका नगर अस्पताल, स्वास्थ चौकी, आधारभू स्वास्थ्य सेवा केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र मार्फत नयाँ तथा दोहोर्याई आएका जम्मा ५४ हजार ३ सय ३० जनालाई बहिरंग सेवा OPD service प्रदान गरिएको छ।
- गलकोट नगरपालिका अन्तर्गत वडा नं १ को दुदिलाभाटी, २ को नरेठाँटी, ६ को पर्दी, ७ को मल्म, ८ को काँडेबाँस र धालेपोखरा, १० को रुमुवा, ११ को मनेवा र रिघा टोलमा ३० बर्ष देखी ६० बर्ष उमेर समुहका महिला लक्षित पाठेघरको मुखको क्यान्सर परिक्षण कार्यक्रम मार्फत ५ सय१६ जना लक्षित महिलालाई निशुल्क रुपमा टोल स्तरमै पुगि पाठेघरको मुखको क्यान्सर परिक्षण सेवा प्रदान गरिएको छ।
- गलकोट नगर अस्पतालबाट सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको रिपोर्ट तथा उपचार सम्बन्धी सम्पुर्ण विवरण डिजिटल प्रणाली सुरु भएका अन्य अस्पतालबाट पनि सजिलै हेर्न मिल्ने गरि डिजिटल स्वास्थ्य कार्ड सहितको डिजिटल रेकर्डिङ तथा रिपोर्टिङ सेवा सुरु गरिएको छ।
- गलकोट नगपालिकाको आयोजनामा निशुल्क मुटुरोग सम्बन्धी स्वास्थ्य शिविर मार्फत ४० जना मुटुरोगीलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- क्षयरोगको खोजपड्ताल कार्यक्रम अन्तर्गत छातिको एक्स-रे मार्फत निशुल्क रुपमा २२४ जनाको स्क्रिनिङ गर्दा १७ जना क्षयरोगका संकास्पद व्यक्तिहरुको खकार संकलन गरि परिक्षणका लागि प्रादेशिक अस्पताल बुर्तिबाङ पठाईएकोमा खकारमा क्षयरोगका किटानु नदेखिएको र ३ जनालाई लक्षणका आधारमा क्षयरोगको उपचार सुरु गरिएको छ।
- गलकोट नगर अस्पतालबाट चालु आ.व. २०८२/०८३ मा जम्मा १ सय २ जना विपन्न तथा गरिब परिवारका सदस्यलाई रु ७ लाख ८७ हजार ६ सय २० रुपैयाँ बराबरको उपचार सेवामा छुट गरिएको छ।
- गलकोट नगर अस्पतालबाट फिजियोथेरपी सेवा सुरु गरिए सँगै चालु आ.व. २०८२/०८३ मा जम्मा १ हजार ४ सय ३२ जना सेवाग्राहीलाई फिजियोथेरापी सेवा प्रदान गरिएको छ भने १५ जनाको शवको पोष्टमार्टम गरिएको छ।
- गलकोट नगरपालिका वडा नं २ नरेठाँटी स्वास्थ्य चौकीको आयोजना तथा श्री कृष्ण भैरव आँखा उपचार केन्द्र, मल्मसँगको समन्वयमा आँखा शिविर संचालन गरी ८७ जना जेठ नागरीक र वडा नं. ४ बौर आधारभुत स्वाथ्य सेवाको आयोजना र ईमरजेन्सी अस्पताल प्रा.लि. तथा नेत्र ज्योती संघ, हरिचौरको समन्वयमा जम्मा ६६ जना जेठनागरीकलाई आँखा शिविर संचालन गरी आँखा सम्बन्धी जाँच सेवा प्रदान गरिएको छ।
- समुदायमा मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरुको समयमै पहिचानमा सहयोग एवं जनचेतना फैलाउने उद्देश्यकासाथ गलकोट नगरपालिका वडा नं. १ र वडा नं. ८ मा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई मानसिक स्वास्थ्य प्रवर्द्धन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।



सुधिर बहादुर वि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- २२ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा गलकोट नगरपालिका अन्तर्गतका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको सक्रिय उपस्थितिमा विविध कार्यक्रम गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवश सम्पन्न गरिएको छ।
- किशोरावस्थामा देखा पर्नसक्ने समस्याहरुको समयमै पहिचान तथा निदान र किशोर किशोरीलाई स्वास्थ्य संस्थाबाट सहज र सम्मानजनक रुपमा स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यका साथ किशोर किशोरीमैत्री स्वास्थ्य सेवा विस्तारका लागि गलकोट १ दुदिलाभाटी र गलकोट ३ हटियामा सरोकारवालाहरुसँग अन्तरक्रियात्मक १ दिने कार्यक्रम सम्पन्न गरिएको छ ।
- ५ वर्ष मुनिका बालबालिकाहरुमा देखापर्नसक्ने समस्याहरुको समयमै पहिचान गरी प्रोटोकल अनुसार उपचार गर्न सिप तथा ज्ञानको विकाश गर्ने उद्देश्यका साथ गलकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुका लागि स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ।
- पछिल्लो समय समुदाय स्तरमा बढ्दो क्रममा रहेका नसर्ने रोगका बिरामीहरुको समयमै पहिचान गरी उपचारको दायरामा ल्याउने उद्देश्यका साथ नसर्ने रोगहरुका लक्षण, कारण, जोखिम समुह, बच्ने उपायहरुको बारेमा वडा नं. १ को भैंसे, वडा नं. २ को मस्त्रा, वडा नं. ३ को खसगाउँ, वडा नं. ४ को पाखापानी, वडा नं. ५ को कौलेनी, वडा नं. ६ को दुलाथर, वडा नं. ८ को विरकोट र वडा नं. ९ को बाँसखोला टोलमा समुदायको सक्रिय सहभागितामा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- विद्यालय जाने कक्षा ६ मा अध्ययनरत किशोरी र विद्यालय नजाने किशोरीहरुको सन्दर्भमा १० वर्ष उमेर समुहका किशोरी लक्षित एच.पि.भि खोप अभियानका लागि पालिकास्तरीय खोप समन्वय समितिका पदाधिकारी, पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा विद्यालयका शिक्षक एवं महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न गरी गलकोट नगरपालिका भित्रका लक्षित उमेर समुहका जम्मा २ सय ७० जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भि. खोप प्रदान गरिएको छ।
- कार्यालयको खरिद तथा जिन्सी अभिलेखिकरणलाई पारदर्शी एवं व्यवस्थित गर्ने उद्देश्यका साथ गलकोट नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि Pams v2 सम्बन्धी २ दिने तालिम सम्पन्न गरिएको छ ।
- मानसिक स्वास्थ्य समस्याका कारण, लक्षण, रोकथाम तथा व्यवस्थापनका लागि व्यवहार परिवर्तन सम्बन्धी गलकोट ५ भैंसे, ६ जामुनडाँडा र ७ सिरुबारे टोलमा सचेतामुलक अभिमुखिकरण तथा गलकोट ८ स्थित शिव मा.वि. मा अध्ययनरत विद्यार्थिहरुको सक्रिय सहभागितामा वक्तित्वकला कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगपालिकाका ११ वटै वडामा सुनौलो हजार दिनका आमा, ५ वर्षमुनिका बालबालिकाका अभिभावक तथा सरोकारवालाहरुका बिच स्थानीय स्तरमा उपलब्ध खाद्य स्रोतको उपयोग गरी पोषिलो खाना तयारी सम्बन्धी प्रयोगात्मक अभ्यास तथा प्रदर्शनी र पोषणको महत्व र अभावका कारण देखा पर्नसक्ने स्वास्थ्य समस्याको बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- गलकोट नगरपालिका अनतर्गतका अस्पताल तथा स्वास्थ्य स्वास्थ्य संस्थाहरुबाट सेवा प्राप्त गर्ने सेवाग्राहीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्यका साथ स्वास्थ्य संस्थाहरुमा न्युनतम सेवा मापदण्ड मुल्यांकन कार्यक्रम संचालन गरिएको जसमा हालसम्म मुल्यांकन गरिएका गण्डकी प्रदेश भित्रका स्वास्थ्य चौकीहरुसँगको तुलनामा नरेठाँटी स्वास्थ्य चौकी ९८ प्रतिशत प्राप्ताङ्क सहित पहिलो स्थान हासिल गर्न सफल भएको छ।



उम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- समुदाय स्तरमा गर्भवति महिला र नवजात शिशुको मृत्युका कारण पहिचान गरी आमा तथा बच्चा दुबैको मृत्युदर घटाउने उद्देश्यका साथ १ सय २७ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।

## ८. रोजगार सेवा केन्द्र:

- रोजगार सेवा केन्द्रद्वारा हाल चैत्र २० गते सम्ममा ११९२ जना बेरोजगार व्यक्तिहरुको अभिलेख राखिएको छ।
- रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि आन्तरिक रोजगारीमा १४ जना बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गरिने छ।
- आ.व. २०८२-८३ मा जम्मा २१५ जनाको पुनः श्रम स्वीकृती, श्रमिकका परिवारका ४ जनालाई स्वास्थ्य उपचार २ जनाको क्षतिपूर्तिमा सहजीकरण, १३ जना विद्यार्थीहरुलाई वैदेशिक रोजगार छात्रवृत्तिमा सहजीकरण गरिएको छ।

## ९. कृषि विकास शाखा:

- साना सिँचाई मर्मत तथा संभार कार्यक्रम, अकबरे खुर्सानीको व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, उच्चमूल्य कृषिवस्तु (लसुन)को व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, किवीको व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, मकै बाली पकेट कार्यक्रम, राष्ट्रिय फल (सुन्तला) को बगैंचा स्थापना तथा विस्तार कार्यक्रम, राष्ट्रिय फल (सुन्तला) को पुरानो बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रमहरूको फिल्ड अनुगमन तथा मूल्याङ्कन पश्चात् सम्झौता भई कार्यान्वयनको चरणमा रहेको।
- कृषि विकास शाखा तथा कृषि सेवा केन्द्रहरूबाट प्राप्त कृषकहरूको माग बमोजिम फिल्ड भ्रमण तथा सञ्चार माध्यमबाट प्राविधिक सल्लाह प्रदान गरिएको।
- रोग-किरा निदान तथा बाली संरक्षणका लागि ४ सय २४ जना कृषकलाई ढुसीनाशक, कीटनाशक तथा सूक्ष्म तत्व वितरण गरिएको।
- वडा नं. ५, सिमलबोटमा श्री रुस्दी युवा क्लबको सहकार्यमा बृहत् कृषि मेला-प्रदर्शनी तथा प्रतियोगिता कार्यक्रम २०८१ आयोजना गरिएको।
- मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मकै बालीको उन्नत बिउ बिजनको प्रयोगमा मूल्य अनुदान कार्यक्रम मार्फत गल्कोट नगरपालिकामा १३५० के.जी. मकै बीउ वितरण गरिएको।

## १०.पशु सेवा शाखा:

- पशु सेवा शाखाबाट ४० प्रकारका औषधिहरु निशुल्क गरी ५ हजार ४ सय २३ पशुपन्छिलाई उपचार सेवा प्रदान गरिएको। ३६ कुकुर तथा बिरालोमा निःशुल्क रेबिज भ्याक्सिनेसन खोप लगाईएको छ। ८४ गाई भैसिमा कृतिम गर्भाधान सेवा दिईएको छ। १ हजार ३ सय ५९ जना सेवा ग्राहीले सेवा प्राप्त गरेका छन। प्राविधिक सेवा प्रामर्श १ हजार २ सय ८३ जनालाई प्रदान गरिएको छ।
- उत्पादनमा आधारित (भेडाबाख्राको मासुमा) र (दुधमा) क्रमश: १०५ जना र ४१ जनाले प्रस्ताव पेश गरेकोमा सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ।
- अण्डा प्रवर्धन कार्यक्रममा ७ जनाको प्रस्ताव पेश गरेकोमा जम्मा १०,००० चल्लाको लागि गाई भैसी प्रबद्धन तर्फ १ वटा समूह सँग सम्झौता भएको।



सुन्दर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- पशु अस्पताल तथा पशु सेवा कार्यालय बागलुङ मार्फत पशुहरुमा पूर्ण खोप कार्यक्रम गल्कोट नगरपालिकाको सबै वडामा सम्पन्न भएको छ।

## ११.पञ्जीकरण शाखा :

- अन्य ज्येष्ठ नागरिक भत्ता ३ हजार ६६ जनालाई ३ करोड ६५ लाख ४८ हजार ८ सय ५ रुपैयाँ, ज्येष्ठ नागरिक दलित ५ सय १४ जनालाई रु.४० लाख ४४ हजार २ सय ९ रुपैयाँ ज्येष्ठ नागरिक एकल महिला ३ सय ७७ जनालाई रु.२९ लाख ८९ हजार ८ सय ४० रुपैयाँ, विधवा ४ सय ७७ जनालाई रु.३७ लाख ८५ हजार १ सय ८० रुपैयाँ, दलित बालबालिका ५८१ जनालाई ८ लाख ८६ हजार ८ सय १६ रुपैयाँ र क वर्ग अपांग ६६ जनालाई रु.७ लाख ८० हजार ४५ रुपैयाँ र ख बर्गको अपांग परिचयपत्र १ सय ७० जनालाई १० लाख ८५ हजार २ सय ८० रुपैयाँ गरी जम्मा ५ हजार २ सय ५१ जनालाई रु.५ करोड १ लाख २० हजार १ सय ७५ रुपैयाँ पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता भुक्तानी भएको गरिएको छ।
- दोस्रो चौमासिकमा जन्मदर्ता २ सय ३३ जनाको मृत्यु दर्ता, ९८ जनाको सम्बन्ध विच्छेद, १८ जोडीको विवाह दर्ता, १ सय ४१ जोडीको बसाई सरी आएको, १० परिवारका २७ जना बसाई सरी आउने, ४३ परिवारका १ सय ४१ जना जाने गरी जम्मा घटना दर्ता संख्या ५ सय ४३ रहेको छ।

**घटना दर्ता सम्बन्धी विवरण**

| वडा नं | जन्मदर्ता | विवाहदर्ता | मृत्युदर्ता | बसाईसराई | | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | आउने | जाने | | |
| १ | ३२ | १९ | ९ | १ | ८ | ४ | ७३ |
| २ | १५ | १० | १३ | | ३ | ३ | ४४ |
| ३ | १० | ११ | १२ | ३ | ६ | | ४२ |
| ४ | ३५ | १४ | ७ | | ६ | | ६२ |
| ५ | २१ | १५ | १० | २ | १ | २ | ५१ |
| ६ | १७ | ९ | १० | १ | २ | | ३९ |
| ७ | १५ | ६ | ७ | १ | | १ | ३० |
| ८ | १८ | ११ | ५ | १ | ६ | २ | ४३ |
| ९ | २५ | १६ | ९ | | ४ | १ | ५५ |
| १० | १९ | १० | ४ | १ | | ३ | ३७ |
| ११ | २६ | २० | १२ | | ७ | २ | ६७ |
| जम्मा | २३३ | १४१ | ९८ | १० | ४३ | १८ | ५४३ |

## १२.सुरक्षित आप्रवासन (सामी) :

- सुरक्षित आप्रवासन सम्बन्धी समुदाय आभिमुखिकरण कार्यक्रम ३ वटा सम्पन्न भएको छ। २२ जना सेवाग्राहीलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।
- विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी वित्तीय साक्षरता सम्बन्धी ९० मिनेटको सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। ( श्री सरस्वती मा वि, महेन्द्र मा वि ,पार्वती मा वि ,शिव मा वि ,भैरव मा वि)
- वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका एक व्यक्तिको रु. ७०,००० (सत्तरी हजार) बराबरको रकम फिर्ता गराइएको छ।



उम्मर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

➢ दुबईमा बिरामी परेका एक आप्रवासी कामदारलाई उद्धार गरी नेपाल ल्याइएको छ। यस्तै मलेसियामा २३ वर्ष देखि परिवार सँग सम्पर्क विहिन रहेर बिरामी भएर रहेका एक आप्रवासी कामदारलाई उद्धार गरी नेपाल ल्याइएको छ। कुवेतमा मृत्यु भएको आप्रवासी कामदारको शव नेपाल ल्याउन सहजिकरण गरिएको छ।

## १३.लघु उद्यम विकास शाखा :

➢ उधमशिलता विकास तालिम वडा न ४ र ७ मा ४६ जना लाई आफ्नो व्यवसाय शुरु तथा सुधार गर्नुहोस SIYB (TOPE /TOSE/GESI ) तालिम सञ्चालन गरियो।

➢ वडा नं. ४ मा ७ दिने अचार तथा किवि जाम उत्पादन सम्बन्धी १७ जना उद्यमिलालाई सिप विकास सम्बन्धी तालिम सम्पन्न गरियो।

➢ वडा नं. ४ मा ११ दिने दुधजन्य मिठाईका परिकार सम्बन्धी १३ जनालाई सिप विकास सम्बन्धी तालिम सम्पन्न गरियो।

➢ वडा नं. ११ रिघाफेदी मा लोपन्मुख कुमाल बस्तीका १७ जना लाई २ महिने सिलाई कटाई सम्बन्धी सिप विकास तालिम सम्पन्न गरियो। साथै उद्यमिहरु को लागि ९ वटा सिलाउने मेशिन हस्तान्तरण गरियो।

## १४.नगरपालिकाबाट सञ्चालित मुख्य मुख्य कार्यक्रम तथा आयोजनाहरू

➢ नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य भईरहेको छ।

➢ वडा तहमा सञ्चालन हुने नगर गौरव र नगरस्तरका आयोजनाहरुको सम्झौता भई कार्यान्वयनको प्रक्रियामा रहेको छ।

## १५. सेवा प्रवाह सुधारका लागि गरिएका प्रयासहरू

➢ नगरपालिकामा उपलब्ध भएका राष्ट्रसेवक कर्मचारीहरु मध्ये बाट वडा कार्यालय नगर अस्पतालमा वडा सचिव तथा कर्मचारीहरुको व्यवस्थापन गरिएको छ।

➢ नेपालमै प्रसिद्ध दरमखोलामा माछा संरक्षण र दिगो व्यवस्थापनको लागि तोकिएको समयमा मात्र इजाजत प्राप्त व्यक्तिबाट माछा मार्न /छोप्न सकिने व्यवस्था गरिएको छ।

➢ गुनासो सुनुवाई संयन्त्रलाई व्यवस्थित बनाउने प्रयास भैरहेको छ।

➢ नागरिक वडापत्रलाई व्यवस्थित तथा अद्यावधिक गर्ने कार्य भएको छ।

## १६. आगामी दिनमा चालिनु पर्ने विषयहरु

➢ वर्तमान सूचना प्रविधिको युगलाई आत्मसात् गर्दै नगरपालिकाका सेवाहरूलाई क्रमशः फेसलेस र पेपरलेस बनाउदा, मोबाइल एप र अनलाइन पोर्टलको प्रयोगमार्फत घरमै बसेर कर तिर्न, सिफारिस लिन र उजुरी दर्ता गर्न सक्ने प्रणालीलाई सुदृढ बनाउदा यसले सेवा प्रवाहमा हुने ढिलासुस्ती अन्त्य गरी नागरिकको समय र लागत बचत हुने भएकोले यसमा सबै सरोकारवालाहरुको सहयोगको अपेक्षा रहेको छ।

➢ सुशासनप्रति युवाहरूको सचेतनालाई सम्मान गर्दै नगरपालिकाका ठूला आयोजनाहरूको प्रगति, बजेट विनियोजन र खर्चको विवरण सार्वजनिक रूपमा हेर्न मिल्ने गरी डिजिटल ड्यासबोर्ड स्थापना गर्ने, तथ्याङ्कहरूलाई खुल्ला र पारदर्शी बनाउने तर्फ अगाडी बढिनेछ।

➢ दक्ष युवा जनशक्तिलाई स्थानीय स्तरमै टिकाउन र स्वरोजगार बनाउन नगरपालिकाले आफ्ना नीति, कार्यक्रम तथा बजेट कार्यक्रमलाइ उत्पादन बढाउने, रोजगारी सृजना गर्ने र उद्यमशिलता बनाउने तिर ध्यान दिईनेछ। नवीन सोच (Startup)



डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भोकेका युवाहरूलाई बीउ पूँजी (Seed Money), प्रविधि र बजारसँग जोड्ने कार्यक्रम गर्दै जसले वैदेशिक रोजगारीको विकल्प स्थानीय स्तरमै सिर्जना गर्न सकिनेछ ।

- परम्परागत शिक्षा प्रणालीलाई डिजिटल युगसँग जोड्न सामुदायिक विद्यालयहरूमा ई-पुस्तकालय, स्मार्ट क्लासरुम र सूचना प्रविधि प्रयोगशालाको विस्तारलाई तीव्रता दिनु अहिलेको प्रमुख आवश्यकता र चुनौती हो । युवा पुस्तालाई विश्वबजारमा प्रतिस्पर्धा गर्न योग्य बनाउन प्राविधिक शिक्षा र सीप विकासलाई विकासको मुख्य आधार बनाइनेछ ।
- सेवा प्रवाहको गुणस्तर मापन गर्न र नागरिकका गुनासाहरूलाई तत्काल सम्बोधन आवश्यक संयन्त्र निर्माण गरि अघि बढ्नु पर्ने आवश्यकता रहेको छ । युवाहरूको रचनात्मक आलोचना र सुझावलाई शासन प्रक्रियामा समावेश वा 'डिजिटल कम्प्लेन बक्स' सञ्चालन गर्न 'युवा संवाद' जस्ता मञ्चहरू नियमित रूपमा सञ्चालन गर्दा गुनासोहरु क्रमश समाधान हुनेछन् ।
- आधुनिक विकास केवल भौतिक संरचना मात्र होइन, यो पर्यावरणमैत्री पनि हुनुपर्छ। त्यसैले, डिजिटल म्यापिङ र जीआईएस (GIS) प्रविधिको प्रयोग गरी योजना तर्जुमा गरिनेछ र जलवायु परिवर्तनका जोखिमहरूलाई न्यूनीकरण गरिनेछ ।
- नगरको आर्थिक समृद्धिका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रबीचको त्रिपक्षीय संवाद र सहकार्यलाई संस्थागत गरि उपलब्ध स्रोत र सम्भाव्यताका आधारमा लगानीका प्राथमिकता प्राप्त क्षेत्रहरु पहिचान गरी सबै क्षेत्रको सहभागिता विकास कार्यलाइ  कार्यान्ययनमा ल्याइनेछ ।
- नगरपालिकाको आफ्नै सुविधासम्पन्न प्रशासकीय भवन नहुँदा छरिएका भाडाका घरहरूबाट सेवा प्रवाह गर्नुपर्ने विद्यमान बाध्यताका बावजुद पनि सेवाग्राहीलाई असहजता हुन नदिने गरी कार्यसम्पादन भइरहेको छ । यस समस्याको दीर्घकालीन समाधानका लागि प्रशासनिक भवन निर्माण कार्यलाई प्राथमिकतामा राखि अघि बढाइनेछ ।
- युवा जनशक्ति वैदेशिक रोजगारीमा जाने क्रम बढ्दा स्थानीय स्तरमा योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन र श्रम परिचालनमा देखिएका जटिलतालाई सम्बोधन गर्न 'श्रम बैंक' वा प्रविधिमा आधारित निर्माण प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- नगरस्तरीय खेलमैदान, रङ्गशाला र औद्योगिक ग्राम स्थापनाका लागि सार्वजनिक जग्गाको अभाव देखिएकाले यसको रणनीतिक समाधानका रूपमा जग्गा प्राप्ति र सम्भाव्यता अध्ययनको प्रक्रियालाई अघि बनाइनेछ ।
- भौगोलिक विकटताका कारण सिर्जित विकासको असन्तुलनलाई सम्बोधन गर्न 'भौगोलिक विशिष्टतामा आधारित विकास मोडेल' अवलम्बन गर्नु अर्को आवश्यकता रहेको छ । सिमित स्रोत र असीमित आवश्यकताका बीच सन्तुलन कायम गर्दै समानुपातिक विकासको लक्ष्य हासिल गर्न हामी प्रतिबद्ध छौँ ।
- बालमैत्री स्थानीय शासनको अवधारणालाई दिगोपना दिन बालकुलत र बालविवाह जस्ता सामाजिक कुरीतिहरूलाई शून्यमा झार्न सरोकारवाला र अभिभावकहरुसँगको अर्थपूर्ण साझेदारीमा विशेष अभियान सञ्चालन गरिनेछ ।
- यातायात व्यवस्थापनमा सहजता ल्याउनको लागि भाडामा जग्गा व्यवस्थापन गरी जिप पार्कको लागि पूर्वाधार समेत निर्माण गरिएको छ सम्बन्धित सरोकारवाला यातायात व्यवसायी तथा निजी सवारी साधन धनीको समन्वयमा जिप पार्क क्रमश सुधार गर्दै संचालनमा निरन्तरता दिईनेछ ।
- सामाजिक विकास तर्फ प्राप्त हुने संघीय शसर्त बजेट तथा कार्यक्रमले स्थानीय आवश्यकतालाई पूर्ण रुपमा संबोधन गर्न नसक्ने हुँदा शसर्त अनुदानमा रहेको निर्भरतालाई क्रमशः कम गरी आन्तरिक राजश्व वृद्धि गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने ।
- निर्मित योजनाहरु समुदायलाई हस्तान्तरण गर्ने कार्यको शुरुवात गर्नुपर्ने ।

डम्बर बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

अन्त्यमा

चालु आर्थिक वर्ष ०८२/८३ को झण्डै ८ महिना व्यतित भैसकेको छ। यस समायावधिमा हामीले हाम्रा कार्यहरु द्रुतगतिमा अगाडी बढाउन सकेनौ नै। गलकोट नगरपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणबाट गलकोटलाई समृद्ध, सुरक्षित र जीवन्त नगर बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। यहाँहरुबाट प्राप्त सुझावहरूलाई ग्रहण गर्दै थप सुधार गर्ने र आगामी दिनमा आफ्नो कार्यलाई थप प्रभावकारी बनाउँदै जाने विषयमा नगरपालिका प्रतिबद्ध रहेको व्यहोरा अनुरोध गर्दछौँ।

धन्यवाद।

०८२/११/...

डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner